**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

# मानव विकास सुचकांकमा नेपाल

## प्रदेश अनुसार



| | |
|---|---|
| ०.५४७ | सुदूरपश्चिम प्रदेश |
| ०.५३८ | कर्णाली प्रदेश |
| ०.५६३ | लुम्बिनी प्रदेश |
| ०.६१८ | गण्डकी प्रदेश |
| ०.६६१ | बागमती प्रदेश |
| ०.५१ | प्रदेश २ |
| ०.५८ | प्रदेश १ |

## भौगोलिक क्षेत्र अनुसार

| | |
|---|---|
| ०.५६३ | तराई |
| ०.६२३ | पहाड |
| ०.५६४ | हिमाल |



## समग्रमा नेपालको मानव विकास सुचकांक

०.५८७



स्रोत: https://www.npc.gov.np/images/category/NHDR_2020_-_Final_-_TheSquare_compressed_final1.pdf

# नेपाल अपडेट



मालपोत कार्यालय सुर्खेतमा सेवाग्राहीले नाराबाजीसहित प्रदर्शन गरेका छन् ।

तस्विर: दिनेश गौतम

### परिक्षण

पिसिआर परिक्षण: २०,४८,११३

पोजेटिभ: २,६९,७८९

उपचाररत: ३२४०

मृत्यु : २०११

सन्चो भएका : २,६४,५३८





# हल्ला र तथ्य



सरकारले पहिलो चरणमा माघ १४ गतेबाट खोप लगाउन शुरु गर्ने भनेको छ । फेरी पहुँच भएकालेमात्र पाउने त होलान् नी ?

लक्षित समुहलेमात्र पाएको एकिन गर्नका लागि सम्बन्धित संस्थाले खोप पाउने व्यक्तिको सूचि सार्वजनिक गर्नुपर्ने प्रावधान रहेको छ । खोप केन्द्र रहेको संस्था प्रमुख र स्वास्थ्य कार्यालय प्रमुखले सो को सुनिश्चितता गर्नुपर्ने छ । यसको अनुगमन जिल्ला कोभिड - १९ खोप समन्वय तथा अनुगमन समिति समेतले गर्नेछ । यसले खोपको दुरुपयोग हुन दिने छैन ।

स्रोत: https://cutt.ly/6jMcEhi



अब सबै सरकारी सेवा "नागरिक एप" बाटै लिन सकिन्छ रे । कस्ता सेवा लिन पाईने हो ?

नागरिकले "नागरिक एप" बाट प्यान कार्ड सम्बन्धी आवेदन गरी प्यान नम्बर प्राप्त गर्न सक्नेछन् । यस एपमार्फत नागरिकता, राहदानी, शैक्षिक प्रमाणपत्र र मतदाता परिचयपत्र विवरण पनि प्राप्त गर्न सकिने छ । त्यसै गरेर, नागरिक लगानी कोष, सञ्चयकोष र सामाजिक सुरक्षा कोषको खातामा जम्मा भएका रकम र ऋणको जानकारी पनि लिन सकिने छ । साथसाथै, हेलो सरकारमा गुनासो गर्न सकिने व्यवस्था पनि यस एपमा मिलाईएको छ । यसका लागि आफ्नै नाममा दर्ता भएको मोबाईल नम्बरको आधारमा नेपाल टेलिकम र एनसेलको सिम मार्फत एपको प्रयोग गर्न सकिने छ ।

स्रोत:https://mocit.gov.np/categorydetail/20771002a



इजरायलमा अब नेपाली श्रमिकले पनि इजरायलका नागरिक सरह सेवा सुविधा पाउने रे नी ।

अब इजरायलमा नेपाली श्रमिकले पनि त्यहाँका स्थानीय श्रमिक सरह सेवा सुविधा पाउने भएका छन् । नेपाल र इजराजयबीच भएको श्रम सम्झौताको "इम्प्लिमेन्टेशन प्रोटोकल"मा हस्ताक्षर गर्दै नेपालका लागि इजरायलका राजदूत खनान गोडेरले नेपालबाट इजरायल जाने श्रमिकलाई कुनै पनि भेदभाव नगर्ने र नेपाली श्रमिकलाई इजरायलका नागरिक सरह सेवा सुविधा दिने व्यवस्था गरिएको पनि बताएका छन् । नेपाली श्रमिक लैजानका लागि नेपाल र इजरायलबीच गएको असोज १४ गते श्रम सम्झौता भएको थियो । सोही सम्झौता अन्तर्गत नै इम्प्लिमेन्टेशन प्रोटोकलमा हस्ताक्षर भएको हो ।

स्रोत: http://moless.gov.np/?p=3846



निर्वाचन आयोगले निर्वाचन सम्बन्धी सचेतना अभियान सामाजिक सञ्जालको माध्यमबाट गर्ने भनेको रहेछ । नेपालको आधी जनसंख्या पनि ईन्टरनेटको पहुँचमा छैन नि ?

हो, नेपालमा ईन्टरनेटको प्रयोग र पहुँचलाई ध्यानमा राखेर निर्वाचन आयोगले निर्वाचनमा सामाजिक सञ्जालको प्रयोग सम्बन्धी नीति, २०७७ ल्याएको छ । सन् २०२० को प्रारम्भको तथ्यांक हेर्ने हो भने, विश्वमा इन्टरनेट प्रयोगकर्ताको जनसंख्या विश्वको कुल जनसंख्याको करिब ५९ प्रतिशत रहेको छ । नेपाल दूरसञ्चार प्राधिकरणको प्रतिवेदन २०७६ अनुसार नेपालमा इन्टरनेट प्रयोगकर्ताको संख्या कुल जनसंख्याको ६७.२३ प्रतिशत रहेको छ । वर्तमान परिवेशमा सामाजिक सञ्जाललाई धेरै व्यक्तिले रुचाएको र निर्वाचनका गतिविधी तथा सूचना प्रवाहमा सामाजिक सञ्जाल प्रभावकारी र भरपर्दो माध्यम देखिएकोले पनि निर्वाचन आयोगले यो अवधारणा अगाडी ल्याएको हो ।

स्रोत: https://www.election.gov.np/uploads/content/1606669081_np.doc

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19** को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

### साउदी अरव
३,३४,४५१ नेपाली
३,६६,३७१ संक्रमित
५,८०० नेपाली संक्रमित
८८ मृत्यु भएका नेपाली

### कुवेत
७१,१९३ नेपाली
१,६१,२८५ संक्रमित
२,३५० नेपाली संक्रमित
१२ मृत्यु भएक नेपाली

### बहराईन
२६,००० नेपाली
९९,९१७ संक्रमित
४५१ नेपाली संक्रमित
३ मृत्यु भएका नेपाली

### कतार
४,०६,९१७ नेपाली
१,४९,०१९ संक्रमित
२८,२५० नेपाली संक्रमित
१८ मृत्यु भएका नेपाली

### युएई
२,२४,९०५ नेपाली
२,७७,९५५ संक्रमित
५,३५० नेपाली संक्रमित
३९ मृत्यु भएका नेपाली

### ओमान
१७,०५७ नेपाली
१,३३,०४४ संक्रमित
३०० नेपाली संक्रमित
१ मृत्यु भएका नेपाली

### मलेसिया
५००,००० नेपाली
१,८३,८०१ संक्रमित
२१०० नेपाली संक्रमित
१ मृत्यु भएका नेपाली

### दक्षिण कोरिया
३८,८६२ नेपाली
७५,५२१ संक्रमित
२९ नेपाली संक्रमित



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## साउदी अरब, यूएई र कुवेतका छुट्टाछुट्टै समाचार

### साउदी अरब
- नेपाली दुतावासले आगामी ५ फेब्रुअरी २०२१ मा दमाममा राहदानी आवेदन (फोटो खिच्ने, औंठा छाप, हस्ताक्षर आदि) संकलनका लागि अस्थायी कार्यालय सञ्चालन गर्ने भएको छ ।
- दमाम, जुबेल, अलहासा, रास्तानुरा, खोबर, कतिफ एवं सो क्षेत्र वरपरका स्थानमा रहनुभएका नेपालीहरूले राहदानीका लागि https://forms.gle/pryfMdChxs2QHCPi6 मा गएर अनलाईन फारम भरी आवेदन दिन सकिने छ ।
- राहदानीको म्याद ६ महिना भन्दा कम रहेकाहरूले मात्र आवेदन गर्न सक्नुहुनेछ ।

### यूएई:
- आबुधावी संसारको उत्कृष्ट शहरमा परेको छ । साथै दुबई र शारजाह भने उत्कृष्ट १० शहर भित्र परेका छन् ।
- फाईजर खोपको विश्वव्यापी अभावको कारणलेगर्दा पहिलो खोप लगाएकाहरूले समयमै अर्को खोप लगाउन नपाउने सम्भावना भएकाले पून: सेड्यूल गर्नु पर्ने कुरा बताईएको छ ।
- जनवरी २७ देखी लागू हुनेगरी अर्को सूचना नआएसम्मको लागि सामाजिक भेलामा १० जनाभन्दा धेरै सहभागी हुन पाईने छैन ।

### कुवेत:
- सबै आप्रवासिहरूलाई दिइएको सिभिल आइडी रद्द गरेर सबैलाई रेसिडेन्सी कार्ड दिईने छ ।
- एउटा हावाईजहाजबाट ३५ जना भन्दा बढी व्यक्ति ल्याउन पाईने छैन ।
- जनावरी पछि अबैधानिक आप्रवासिहरूका लागि चेक जाँच कडा बनाईने छ ।
- कुवेतमा अहिले निकै चिसो छ । यो चिसो अझै केही समय रहनसक्ने हुनाले विषेश सुरक्षा अपनाउन आग्रह गरिएको छ ।

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका **UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight)** हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**




## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च

रकम निकासा

खर्च भएको रकम



# लहलहैमा वैदेशिक रोजगारीमा जाँदा दुःख पाएँ




साथीको लहलहमै म पहिलो पटक वैदेशिक रोजगारीमा मलेसिया पुगेँ । दुई वर्षसम्म इलेक्ट्रिक कम्पनीमा काम गरेँ । महिनाको ६० हजार नेपाली रुपैयाँसम्म कमाउँथे । त्यसबाट मैले केही पैसा बचत गरेँ । त्यहीबेला नेपालमा भूकम्प गयो । त्यसपछि म नेपाल फर्किए । मलेसियाबाट फर्किएर पछि केही काम गर्ने योजना बनाउँदै थिएँ । एक्कासी मेरो मुखबाट आवाज आउनै छाड्यो । म विखलबन्दमा परेँ । उपचार गराउन नेपालभर धाएँ । डाक्टर, आर्युवेदिक सबैखाले उपचार सुरु गरेँ । तर, मेरो आवाज आएन । मैले आवाज नआएपनि काम भने गरिरहेको थिएँ । गाडी चलाउन समेत सिक्न थालेँ । सवारिचालक अनुमती पत्रको लागि लिखित र ट्रायल पास गरेँ । तर, मैले बोल्न नसक्ने भएकाले लाइसेन्स नपाउने कुरा भयो । पछि, मैले आँखा राम्रोसँग देख्ने र कान राम्रोसँग सुन्ने भएकाले मैले लाइसेन्स पाएँ । लाइसेन्स पाएको केही महिनामा मेरो आवाज पनि खुल्यो ।

त्यस पछि काभ्रेको रविओपीका दलाल मार्फत भिजिट भिषामा दोस्रो पटक वैदेशिक रोजगारीमा दुबई पुगेँ । त्यहाँ भनेको जस्तो काम भएन । मैले केही महिना कुरे । मेरो पैसा पनि फस्यो । मैले त्यहाँ बसेर लाईट गाडीको लाइसेन्स निकाले । त्यहाँ स्विमिङपुलमा रेस्यूको काम गर्दा राम्रो पैसा आउने भएकाले त्यसको तालिम लिएर काम गर्न थाले । केही महिना काम गरेपछि मलाई लिएर जाने दलालले नै अपहरणको मुद्दामा मलाई पक्राउ गरायो । बिना अपराध करिब नौ महिना त्यहाँको जेलमा बस्न बाँध्य भएँ । नेपालमा रहेका संघ संस्थाहरुको सहयोग र परिवारको सहयोगमा नौ महिनापछि म नेपाल आउन सफल भएँ । मलाई नेपाल फर्काउन सिटिजन हेल्प डेक्स (हाल सिभिक एक्सन टिम) ले विशेष सहयोग गरेको थियो ।

नेपाल फर्किएपछि मसँग केही पनि थिएन । तर, हातमा सिप थियो । गाडी चलाउन सक्ने भएकाले मैले केही लगानी गरेर सेकेण्ड ह्याण्ड गाडी किने । त्यो पनि राम्रो हुन सकेन । केही समय त्यतिकै बसे । साथीभाईले आग्रह गरेपछि फेरी गाडी चलाईरहेको छुँ । मासिक ३० हजार कमाउँछु । यसबाट मेरो परिवार राम्रो चलेको छ । लहलहैमा विदेश जानु हुँदैन रहेछ भनेर पछुतो लाग्छ । अरुलाई पनि देशमै श्रम गर्न सल्लाह दिन्छु ।

**बिपिन दाहाल,**
*बनेपा, काभ्रेपलाञ्चोक*

# फ्रन्टलाईनर्स भोईसेस



## तेज वली

फोकल पर्सन, जिल्ला कोरोना व्यवस्थापन समिति, बाँके

"हाम्रो टिम कोरोना सचेतनाका लागि एउटा गाउँबाट काम सकिएर फर्किदैगर्दा बाटोमा ठुलो पानी पर्‍यो । ओत लाग्नका नजिकैको एउटा घरमा पुग्यौं । त्यहाँ पुग्दा घरका सदस्यले पानीबाट जोगाउन पशुलाई घर भित्र हुलिरहेका थिए । हामी आगनमा पुगेर ओत लाग्ने ठाउँका लागि अनुरोध गर्‍यौं । हामीले गर्ने कामको बारे थाहा पाएर हामीलाई ओत लाग्ने ठाउँ दिनुको साटो आँगन वरिपरी नबस्न भने । आफुलाई पशु भन्दा पनि तल्लो स्तरको व्यवहार गरेको देख्दा साह्रै दु:ख लागेको थियो । त्यसपछि हाम्रो टिम केही बेर रुखको फेदमा ओत लाग्यौं र फर्कीयौं । "

## नागेन्द्र कुमार साह

स्वास्थ्य सह-संयोजक, नरैनापुर गाउँपालिका, बाँके



"नरैनापुर गाउँपालिका शुरुका दिनमा कोरोनाको हटस्पट नै थियो । कोरोन( ाबारे प्रयाप्त ज्ञान नभएको र क्वारेन्टाइनमै एक युवकले ज्यान गुमाएको हुँदा यहाँका नागरिकले संक्रमितलाई पनि आइसोलेसनमा लैजान दिएनन् । कसैलाई संक्रमण देखिए पछि स्थानीयले नै संक्रमितलाई लुकाउन सहयोग गरे । जब आईसोलेशनमा बसेका ३ जना स्थानीय संक्रमण मुक्त भएर घर फर्किए । त्यसपछि भने, समाजले पनि यसलाई समान्य रुपमा लिँदैगयो र सहयोग पनि पाईन थाल्यो । सुरुमा चुनौतिपूर्ण भए पनि सबै सरोकारवालाको सहयोगले हामी विस्तारै सामान्य अवस्थामा आयौं । "



## जागेश्वर बस्नेत

जनस्वाथ्य निरीक्षक, नेपालगञ्ज उप-महानगरपालिका, बाँके

"कोरोना सुरुवातसँगै जनमानसमा जुन प्रकारको प्रचारप्रसार गरियो, त्यसका कारणले पनि यस क्षेत्रमा काम गर्दा समाजबाट पनि दुर्व्यवहार सहनु पर्‍यो । मेरो घर जाने बाटोमा छिमेकिले डोरी बाँधेका कारण ३/४ दिन सम्म घर जान नपाउँदा नगरपालिकाको सहयतामा होटेलमा बस्नु परेको तितो अनुभव पनि मसँग छ । तर, जोखिमयुक्त समयमा पनि पाएको जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्दा आफुले अंगालेको पेशा प्रति गर्व लाग्छ ।"

# रेडियो कार्यक्रम पद्धती तालिका

# रेडियो कार्यक्रम पद्धती
## संरचना सबैका लागि

| प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|
| सप्तकोशी एफएम | रेडियो जनकपुर | हेटौडा एफएम | अन्नपूर्ण एफएम | बुटवल एफएम | प्रदेश एफएम | दिनेश एफएम |
| हरेक मंगलबार बिहान ७:३० बजे | हरेक शनिबार बिहान ७:०० बजे | हरेक मंगलबार बिहान ७:३० बजे | हरेक आइतबार बिहान ८:३० बजे | हरेक शनिबार बिहान ७:३० बजे | हरेक सोमबार बिहान ७:३० बजे | हरेक शनिबार बिहान ७:०० बजे |
| पुन: प्रसारण हरेक बिहिबार बेलुका ७:०० बजे | पुन: प्रसारण हरेक बुधबार बिहान ७:०० बजे | पुन: प्रसारण हरेक बुधबार बेलुका ७:३० बजे | पुन: प्रसारण हरेक मंगलबार बेलुका ७:१५ बजे | पुन: प्रसारण हरेक सोमबार बेलुका ७:३० बजे | पुन: प्रसारण हरेक मंगलबार दिउँसो २:१५ बजे | पुन: प्रसारण हरेक आइतबार बेलुका ९:०० बजे |

प्रसारणको रेकर्ड तपाई YouTube र Soundcloud मा पनि सुन्न सक्नु हुन्छ

Civic Action Teams

https://soundcloud.com/accountability_lab

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले बिगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.


@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219